**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
मितिः ३१ दिसम्बर २०२५
समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- केंद्रीय गृहमंत्री अमित शाहले आज कोलकाताको साइंस सिटीमा पार्टी संगठनको एक अहम बैठक गर्नुभयो।

- राष्ट्रपति द्रौपदी मुर्मुले आज नव वर्ष 2026 को पूर्व संध्यामा देश अनि विदेशका नागरिकहरुलाई शुभकामना दिनुभएको छ।

- प्रधानमंत्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको अयोध्यामा पालन भइरहेको राम लल्लाको प्राण प्रतिष्ठाको दोस्रो वर्षगांठको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ।

- पैह्रोले वाधित बनेको रोहिणी रोड नयाँ बर्ष अर्थात भोलि देखि सुचारु हुने भएको छ।

- उत्तर देखि दक्षिण बंगालसम्म शीत लहरको प्रभाव देखिएको छ।

**अमित शाह कोलकाता**

पश्चिम बंगालमा विधानसभा चुनाव अघि भारतीय जनता पार्टीले आफ्नो रणनीतिलाई धार दिन शुरू गरेको छ। यसै क्रममा केंद्रीय गृहमंत्री अमित शाहले आज कोलकाताको साइंस सिटीमा पार्टी संगठनको एक अहम बैठक गर्नुभयो। यस बैठकलाई चुनावी तयारीको कोणबाट खुबै महत्वपूर्ण मानिएको छ।

बैठकमा राज्य संगठनको वर्तमान स्थिति, कार्यकर्ताहरुको सक्रियता अनि बूथ स्तर सम्म संगठनलाई मजबूत गर्ने बिषयमा विस्तारपुर्वक चर्चा भयो। श्री शाहले नेताहरुलाई स्पष्ट भन्नुभयो, आगामी विधानसभा चुनाव बंगालका लागि निर्णायक हुनेछ अनि पार्टीलाई हर स्तरमा पुरा तयारीसित मैदानमा उत्रिन पर्नेछ। उहाँले जमीनी हालतको समीक्षा गर्दै संगठनमा तालमेल अनि अनुशासन माथि विशेष जोड दिनुभयो।

साइंस सिटीमा भएको यस बैठकमा पार्टीका वरिष्ठ नेता, संगठन पदाधिकारी अनि चुनावी रणनीतिका प्रमुखहरु उपस्थित थिए। शहरी क्षेत्रमा पार्टीको स्थिति, मतदाताहरु सम्म पहुंच अनि स्थानीय मुद्दालाई लिएर पनि मंथन गरियो। अमित शाहले कार्यकर्ताहरुलाई संदेश दिनु भयो, जनता बीच लगातार संपर्क बनाइ राख्न अनि सरकारको नीतिहरुलाई स्पष्ट रुपले पुराउन जरूरी छ।

बैठक अवधि बंगालको राजनीतिक परिस्थिति, विपक्षको रणनीति अनि आगामी महीनाको कार्ययोजनामाथि पनि विचार गरियो। यस बैठकको माध्यमले अमित शाहले संगठनलाई चुनावी मोडमा ल्यउने स्पष्ट संकेत दिएको अनुमान लगाईएको छ।

समग्रमा, साइंस सिटीमा भएको यो संगठनात्मक बैठक विधानसभा चुनाव अघि भाजपाका लागि एक ठुलो शक्ति परीक्षणको रुपमा हेरिएको छ।

**भाजपा -ममता आलोचना**

भारतीय जनता पार्टीले पश्चिमबंगालको भ्रमणमा रहनु भएका केन्द्रीय गृहमंत्री अमित शाहलाई राज्यका मुख्यमंत्री ममता ब्यानर्जीले धम्कि दिनु भेको कुराको कड़ा आलोचना गरेको छ।

भूवनेश्वरमा सम्वाददाताहरूलाई सम्बोधित गर्दै, BJP का राष्ट्रीय प्रवक्ता Sambit Patra ले आरोप लगुउदै भन्नु भयो ममता ब्यानर्जीलो बाँकुड़ जिल्लामा एउटा जनसभालाई सम्बोधि गर्दै केन्द्रीय गृहमंत्री अमित शाहलाई धम्कि दिनु भएको छ। श्री पात्राले भन्नु भयो यो केवल केन्द्रीय गृहमंत्रीलाई धम्की होइन तर सारा देशको जनतालाई यो धम्की हो।उहाँले आरोप लगाउँदै भन्नु भयो सुश्री ब्यानर्जीले राज्यमा तानाशाही गर्दै हुनु हुन्छ। श्री पात्राले गम्भीर आरोपलगाउँदै भन्नु भयो पश्चिम बंगालमा ममता राजमा झण्डै 300 भन्दा बढी भाजपा कार्यकर्ताहरूलाई TMC का कर्मीहरूले हत्या गरेका छन्, अनि हजारों भाजपा कार्यकर्ताहरू टीएमसीको डरले आफ्ना घरहरू छोडेर भाग्न बाध्य भएका छन्। आज पश्चिम बंगालमा लोकतंत्रमाथि खुलम खुल्ला हमला गरिन्दै छ अनि ममता ब्यानर्जीले राज्यलाई बरबाद गरीरहेकी छन् , श्री पात्राले भन्नु भयो।

**राष्ट्रपति - नव वर्ष**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नव वर्ष 2026 को पूर्व संध्यामा देश अनि विदेशका नागरिकहरुलाई शुभकामना दिनुभएको छ। उहाँले भन्नुभयो नव वर्ष नयाँ ऊर्जा अनि सकारात्मक बदलावको प्रतीक हो। यसका साथै आत्मचिंतन अनि नयाँ संकल्पहरुलाई अवसर प्रदान गर्दछ। राष्ट्रपति मुर्मुले सबैसित राष्ट्र विकास, सामाजिक सद्भाव अनि पर्यावरण संरक्षण प्रति आफ्नो प्रतिबद्धतालाई मजबूत गर्ने आग्रह गर्नुभयो। उहाँले आशा व्यक्त गर्दै भन्नुभयो 2026 सबैका लागि सुख, शांति र समृद्धि लिएर आउने छ अनि एक मजबूत अनि समृद्ध भारत निर्माणका लागि नयाँ ऊर्जाको संचार गर्नेछ।

**वर्ष 2025 अन्तिम दिन**

वर्ष 2025 को आज अन्तिम दिन देशका सबै प्रमुख मन्दिरहरूमा लाखौं मानिसहरूको भीड़ देखिन्दैछ। काशी, अयोध्या , हरिद्वार , उज्जैन, सोमनाथ, रामेश्वरम , कालीघाट, मथुरा वृन्दावन, प्रयागराज , ईस्कोन मन्दिरहरू, कामाख्या , पूरी, ऊँकाश्वेर, नागेश्वर, तिरूपती बालाजी, मुम्बईको लालबाग गणेश मन्दिर, वैशणव देवी देखि लिएर सबै प्रमुख मन्दिरहरूमा लाखौंको संख्यामा मानिसहरू बिहान देखि पूजा अर्चना गरिरहेका छन्। वर्ष 2025 को विदाई तथा 2026 को मंगल कामनाका साथ देवी-देवताहरूको आर्शीवाद लिईरहेका छन्।

**प्रधानमंत्री - अयोध्या जयंती**

प्रधानमंत्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको अयोध्यामा पालन भइरहेको राम लल्लाको प्राण प्रतिष्ठाको दोस्रो वर्षगांठको अवसरमा देशवासीलाई शुभकामना दिनुभएको छ। सोशल मीडिया पोस्टमा श्री मोदीले यसलाई आस्था अनि परंपराको एक दिव्य उत्सव बताउनु भयो| प्रधानमंत्रीले देश-विदेशमा छरिएर बसेका राम भक्तहरुको तर्फबाट भगवान श्री रामलाई नमन गर्नुभयो।

**राजनाथ-प्राण प्रतिष्ठा**

रक्षा मंत्री राजनाथ सिंहले आज अयोध्यामा राम मंदिर परिसरमा स्थित अन्नपूर्णा मंदिरको शिखरमा ध्वजारोहण गर्नुभयो। उहाँले राम मंदिरको प्राण प्रतिष्ठाको दोस्रो वर्षगांठको उपलक्ष्यमा आयोजित विशेष प्रार्थना सभामा पनि भाग लिनु भयो। यस अवसरमा उत्तर प्रदेशका मुख्यमंत्री योगी आदित्यनाथ पनि उपस्थित थिए।

अन्नपूर्णा मंदिर राम मंदिर परिसरको सात मंदिरहरु मध्ये एक हो। 25 नवंबरको दिन प्रधानमंत्री नरेंद्र मोदीले राम मंदिरको निर्माण कार्यको औपचारिक समापनको उपलक्ष्यमा भगवा ध्वज फहराउनु भएको थियो। राम मंदिर परिसर पुग्न अघि, राजनाथ सिंह अनि श्री आदित्यनाथले हनुमानगढ़ी मंदिरमा प्रार्थना गर्नुभयो। प्रधानमंत्री मोदीको नेतृत्वमा 22 जनवरी 2024 को दिन आयोजित समारोह बीच मंदिरमा राम ललाको प्रतिमा स्थापना गरिएको थियो।

**रोहिणी मार्ग सुचारु**

पैह्रोले वाधित रोहिणी रोड नयाँ बर्षदेखि सुचारु हुने भएको छ। चार अनि पाँच अक्टोबरमा गएको भिषण पैह्रोका कारण उक्त सडक मार्ग क्षतिग्रस्त भएको थियो। जसको मर्मत कार्य समापन भएपछि भोलीदेखि उक्त मार्गमा सवारी साधनको आवतजावत सुचारु हुने भएको छ। हिजो एक प्रेस बिज्ञप्ति जारी गर्दै गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले पहाड, तराई अनि डुवर्सका सबैलाई नयाँ वर्षको शुभकामना सहित नयाँ वर्ष देखि रोहिणीको बाटो पनि खोलिने घोषणा गर्नु भयो। उहाँले यस निर्णय बिभागीय अधिकारीहरुको निरिक्षणपछि गरिएको उल्लेख गर्नुभयो। सडक खोलिए पनि लाइनिङ र अन्य मरम्मत कार्य जारी रहने थाहा लागेको छ।

**मिरिक पुलिस**

मिरिक पुलिसले मिरिक थाना अधिनस्थ विभिन्न  क्षेत्रमा अग्रेजी नयाँ बर्ष अघि ड्रग्स विरोधी अभियान चलाएर ड्रग्ससित संलग्न  26  जनालाई पक्राउ गरी अघिल्लो  कार्यवाहीका लागि अदालत पठाएको मिरिक महकुमाका एसडीपीओ बिनोद कुमार मीनाले जानकारी दिनु भएको छ। आज एक प्रेस भेलाको आयोजन गर्दै श्री मिनाले मिरिक पुलिसले  2025 भित्र मिरिकलाई ड्रग्समुक्त बनाँउन छापा अनि सचेतना कार्यक्रम गरेको कारण नै मिरिकमा ड्रग्स सेवन र ओसार प्रसारमा धैरै कमी आएको बताउनु भयो।यस अवसरमा मिरिक थानाका आईसी नयन चक्रवती अनि मिरिक थाना प्रभारी सुदीप कुमार विश्वास पनि उपस्थित  थिए।

**सतपाल जी महाराज स्वागत**

मानव उत्थान सेवा समितिद्वारा आयोजन भइरहेको दुइ दिवसीय सद्भावना सम्मेलनमा भाग लिनका लागि सतपाल महाराज हिजो सिलगढी आइपुग्नु भयो। उहाँको आगमनले अनुयायीहरुमा उत्साहको संचार भएको छ। समितिद्वारा आयोजित सम्मेलन आज अनि भोली सालुगढाको मानव धर्म आश्रममा सम्पन्न  भइरहेको छ। हिजो बागडोग्रा हवाई अड्डामा उत्रिएपछि सतपाल महाराज सोझो आश्रम पुग्नु भएको थियो जहाँ उहाँका अनुयायीहरुले स्वागत गरेका थिए।

**अजयको पत्र**

क्षेत्रिया सरकार जिटिए साथै प्रशासनको उदासिनताका कारण दार्जीलिङको पयर्टन अर्थतन्त्रमा दिन प्रति दिन गम्भीर प्रभाव पर्दै गई रहेको इण्डियन गोर्खा जन शक्ति फ्रण्डका केन्द्रीय संयोजक अजय एडवाडर्सको धारणा छ। यसै सन्दर्भलाई केन्द्र गर्दै श्री एडवर्डसले गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनको मुख्य सचिवलाई पत्र  लेख्नु भएको छ। पत्रमा दार्जीलिङ पहाडको बर्तमान स्थिति र गाडी चालकहरूले भोग्नु परी रहेको विभिन्न समस्याहरू माथि ध्यान आकर्षण गराइएको छ। बिशेषगरि दार्जिलिङका प्रसिद्ध पर्यटकीय स्थलहरुमध्ये एक टाइगर हिलमा बाहिरका सवारी साधनहरुलाई प्रवेश निषेध गरिनु पर्ने माग प्रमुख रहेको छ। पहाडमा सडकको अवस्था सोचनीय रहेको कारण बाहिरबाट आएका चालकहरुलाई असुविधा हुने श्री एडवर्डसले उल्लेख गर्नु भएको छ। पत्रमा टाइगर हिल दार्जीलिङको प्रसिद्व पयर्टन स्थलहरू मध्ये एउटा हो तथा विभागले प्रत्येक पयर्टकहरूबाट 20 रूपियाँ प्रबेश शुल्क लिने गर्छ तर विगत 10 बर्षदेखि निर्माणाधीन ग्यालरी आजसम्म पूरा हुन नसकेको बताइएको छ।

**सिलीगुड़ी पुलिस नयाँ बर्ष**

सिलीगुड़ीमा नयाँ वर्ष उत्सवका लागि मेट्रोपॉलिटन पुलिस अलर्टमा छ। 31 दिसंबरदेखि एक जनवरीसम्म शहरमा डेढ़ हजारभन्दा अधिक पुलिसकर्मीहरु तैनात गरिएको छ । महिला सुरक्षाका लागि सय भन्दा ज्यादा महिला पुलिस, विनर्स अनि पिंक पेट्रोलिंग वैन तैनात रहनेछ।शहरको डीसीपी तन्मय सरकारले उक्त जानकारी दिँदै नयाँ वर्ष अवधि ट्रैफिक नियमहरु कडाईका साथ पालन गराईने बताउनु भयो। मदिरापान गरेर वाहन चलाउने अनि बिना हेलमेट गाड़ी चलाउनेहरुमाथि कडा कार्व्वाही गरिने छ। सड़क दुर्घटनालाई रोकनका लागि ट्रैफिक पुलिस रातभरि ड्यूटीमा रहने डीसीपीले भन्नुभयो शांतिपूर्ण अनि सुरक्षित नव वर्ष समारोहका लागि कडा सुरक्षा व्यवस्था गरिएको छ।

**फुटवल**

दार्जिलिङको प्रतिष्ठित फुटबल प्रतियोगिता लामागाउँ गोल्डकप आगामी ४ जनवारीदेखी शुरु हुने भएको छ। आज सोसाइटीको पदाधिकारीहरुले एक प्रेस बिज्ञपति जारी गर्दै प्रतियोगिताको आधिकारिक घोषण गरेका छन।प्रतियोगितामा दार्जिलिङ खर्साङ सिलिगुढी सिक्किम सगै नेपालबाट प्रतिष्टित सोह्र दलहरूले भाग लिनेछन। सोसाइटीका अनुसार प्रतियोगितामा बिजेतालाई चार लाख तथा उपबिजेता दललाई दुई लाख सहितको पुरस्कार प्रदान गरिनेछ।

**शुभेंदु अधिकारी**

पश्चिम बंगालमा राजनीतिक घमासान तिव्र भएको छ। भारतीय जनता पार्टीका वरिष्ठ नेता अनि विधानसभामा नेता प्रतिपक्ष शुभेंदु अधिकारीले आज सोशल मीडिया प्लेटफॉर्म एक्स (पूर्व में ट्विटर) मा एक पोस्ट साझा गर्दै राज्यको वाम मोर्चा अनि तृणमूल कांग्रेस सरकारमाथि तीखो प्रहार गरेको छ।

श्री अधिकारीली आफ्नो पोस्टमा भन्नुभएको छ बितेको 48 वर्षको लूट अनि कुशासनले पश्चिम बंगालका युवाहरुको भविष्य बर्बाद गरेको छ। उहाँले वर्ष 1960 मा प्रति व्यक्ति आय मामिलामा पश्चिम बंगाल देशमा तेस्रो स्थानमा थियो, तर आज यो झरेर 24 औ स्थानमा पुगेको छ । उहाँले बताए अनुसार राज्यको प्रति व्यक्ति आय राष्ट्रीय औसत भन्दा 16 प्रतिशत तल पुगेको छ।

भाजपा नेताले आरोप लगाउनु भयो कि राज्यबाट उद्योग पलायन भयो, कारखाना बंद भयो, रोज़गारका अवसर शेष भयो अनि युवाहरुको सपना चकनाचूर भएको छ।

**मौसम**

पश्चिम बंगालमा वर्ष 2025 को समापन भीषण चिसो अनि तापमानमा रिकॉर्ड तोड़ गिरावटको साथ भइरहेको छ। आज बिहान कोलकाताको न्यूनतम तापमान 11 डिग्री सेल्सियस दर्ता गरियो, जो यो बर्षको न्यनतम हो। महानगर सहित सम्पूर्ण राज्य वर्तमानमा अत्यधिक चिसोको चपेटमा छ।

उत्तर देखि दक्षिण बंगालसम्म शीत लहरको प्रभाव देखिएको छ । संदकफूमा तापमान शून्य भन्दा तल माइनस पांच डिग्री सेल्सियससम्म झरेको छ भने दार्जिलिंगमा तीन डिग्री सेल्सियस दर्ता गरिएको छ। दक्षिण बंगालको पुरुलिया अनि बांकुड़ा जिल्लामा पनि पारा सात देखि आठ डिग्री सेल्सियस बीच रहेको छ। सोमवार अनि मंगलवार कोलकाताको अधिकतम तापमान पनि सामान्य भन्दा क्रमशः 7.5 अनि 6 डिग्री सेल्सियस तल रह्यो|

मौसम विभागले आज बेलुकी पश्चात राज्यको धेरै जिल्लाहरुमा बाक्लो कुहिरो छाउने चेतावनी (येलो अलर्ट) जारी गरेको छ। जसमा दाजिर्लिंग, कूचबिहार, मालदा सहित दक्षिणको पूर्व मेदिनीपुर अनि दक्षिण 24 परगना जस्ता जिल्लाहरु सम्मिलित छन्। यसका साथै , शीतल पूर्वी हावाको प्रभावले अलीपुरद्वारमा आगामी 24 देखि 48 घंटा भित्र हल्कादेखि मध्यम वर्षा हुने अनुमान गरिएको छ।

मौसम बिभाग अनुसार, उत्तर-पश्चिम भारतमा सक्रिय पश्चिमी विक्षोभका कारण नयाँ बर्षको शुरुआतमा तापमानमा आंशिक वृद्धि हुन सक्ने छ। तथापि, राहत अल्पकालिक हुनेछ। पांच देखि 12 जनवरीको मध्य राज्यमा फेरी चिसो बढ्ने छ, जस कारण केहि जिल्लाहरुमा शीत लहर (कोल्ड वेव) चलने प्रबल संभावना छ।

****** ० ******